

# ४ जलप्रलय

*<u>यस अध्यायका मूल पदहरू:</u>* उत्पत्ति ६:१३-७:१०, २ पत्रुस २:५-९, उत्पत्ति ७, रोमी ६:१-६, भजन १०६:४, उत्पत्ति ८ र उत्पत्ति ९:१-१७।

*<u>यस अध्यायको मूल सार पद:</u>* **"मानिसको पुत्रको आगमन नोआको दिनहरूजस्तै हुनेछ" (मत्ती २४:३७)।**

"पृथ्वीमा मानिसहरूको दुष्टता बढ़ी भएको र तिनीहरूका हृदयका विचारको जुनसुकै पनि भावना वा नियतहरू निरन्तर खराबै मात्र भएको परमप्रभुले देख्नुभयो" (उत्पत्ति ६:५ रूपान्तरित)। परमेश्वरले "देख्नुभयो" भन्ने क्रियापदले हामीलाई सृष्टिको कथातिर फर्काउँछ। छ दिन लगाएर सृष्टि गर्दै गर्नुभएको यस संसारलाई प्रत्येक दिनको अन्तमा के देख्नुभयो त? असलदेखि सा-है असल। तर, अहिले परमेश्वरले के देख्नुभयो त? टोभ tov असलको सट्टामा रा ra वा दुष्टता वा खराब (उत्पत्ति ६:५)। मानौं यस संसार सृष्टि गर्नुभएकोमा परमेश्वरलाई पछुताव भएको थियो, किनभने असलै असलले भरिएको संसार अब खराबै खराबले भरियो वातावरण, पशुहरूमात्र होइन मानिसहरूको दिमागमा नराम्रो, आतङ्कित, दुष्टता र खराबै खराबले भर्न थालिएको थियो (उत्पत्ति ६:५)।

यस संसार सृष्टि गरेकोले परमेश्वरलाई खेद वा खिन्न भएतापनि त्यस खेदमा त्यहाँ मुक्तिका तत्वहरू पनि भएको पाइन्छ। हिब्रू भाषामा "दुःख लाग्यो" वा "खेद लाग्यो" भन्ने शब्द नखाम हो nakham जसले नोहा Noakh को नाउँको प्रतिध्वनी गर्दछ। यसको अर्थ "सान्त्वना" हो (उत्पत्ति ५:२९)। त्यसकारण, मानिसहरूको भ्रष्टता वा दुष्टताको प्रत्युत्तरमा दुई पक्षहरू छन्। यसमा परमेश्वरले गर्नु हुने न्यायको झलक, जसमा केहीको बिनाश; र तैपनि, उहाँले दया, सदाशयता, सान्त्वना देखाउनुभएर गर्नुभएको प्रतिज्ञाको वचन।

त्यसले गर्दा, मुक्ति दिइने अवसर कतिपय मानिसहरूलाई उपलब्ध गराइएको पाउँछौं।

परमेश्वरले गर्नुभएको यो दुई आवाज कयिन, हाबेल र सेथको मामिलामा पनि सुनिएको थियो। कयिनको बंश (मानिसहरूका छोराहरू) र सेथको बंश (परमेश्वरका छोराहरू)मा भएको भिन्नतालाई परमेश्वरको बोलीमा भएका दुई आवाजहरूलाई देखाउँदछ। अब आएर नोहा र बाँकि मानिसहरूको बीचमा भएको भिन्नतालाई पनि परमेश्वरको त्यही आवाजलाई हामी सुन्दछौं।

## १. जलप्रलयको निम्ति तयारी

**पहिलाको मानव इतिहासको अचम्म पार्ने लेखाबाट हामी के सिक्न सक्छौं? हेर्नुहोस्, उत्पत्ति ६:११-७:१० "परमेश्वरको दृष्टिमा पृथ्वी भ्रष्ट भएको र उपद्रवले भरिएको थियो। जब परमेश्वरले पृथ्वीमाथि दृष्टि गर्नुभयो तब त्यो भ्रष्ट भएको देख्नुभयो, किनकि पृथ्वीमा भएका सबै मानिसहरूले आफ्ना चालचलन भ्रष्ट पारिसकेका थिए। यसकारण परमेश्वरले नोआलाई भन्नुभयो, "सबै मानिसहरूको अन्त्य गर्ने मैले अठोट गरेको छु, किनभने पृथ्वी तिनीहरूद्वारा उपद्रवले भरिएको छ। हेर, म तिनीहरूलाई पृथ्वीसमेत नाश गर्नेछु। तिमीले खोपेर काठको एउटा जहाज बनाउनू। जहाजमा कोठा-कोठा बनाउनू र त्यसलाई भित्र-बाहिर अलकत्राले लिप्नु। तिमीले त्यो यसरी बनाउनू: जहाजको लमाइ एक सय चालीस मिटर, चौड़ाइ तेईस मिटर र उचाइ चौध मिटरको होस्। जहाजमा उज्यालो आओस् भनेर त्यो मास्तिर माथिबाट एक हात छोड़ेर टुङ्ग्याउनू। जहाजको ढोका त्यसको एकापट्टि राख्नू। पहिलो, दोस्रो र तेस्रो तला भएको त्यो बनाउनू। जीवनको सास हुने आकाशमुनिका सबै प्राणीलाई म सर्वनाश पार्नलाई पृथ्वीमा जलप्रलय ल्याउनेछु, र पृथ्वीमा भएको हरेक प्राणी मर्नेछ। तर तिमीसँग चाहिँ म आफ्नो करार स्थापित गर्नेछु। तिमी तिम्रा छोराहरू, तिम्री पत्नी र तिम्रा बुहारीहरूसमेत जहाजमा आउनेछौ। सबै जीवित प्राणीमध्ये हरेक जातका भाले र पोथी दुई-दुई गरी जहाजमा ल्याऊ, र तिनीहरू पनि तिमीसँग बाँचिरहून्। पन्क्षीहरूमध्ये तिनीहरूका जात-जातअनुसार, पशुहरूमध्ये तिनीहरूका जात-जातअनुसार र जमिनमा घस्रने सबै प्राणीहरूहरूमध्ये जात-जातअनुसार– सबै थरीका दुई वटा– तिनीहरू जीवित रहनलाई तिमीकहाँ आउनेछन्। हरेक किसिमका आहारा पनि तिमीले आफ्नो साथमा जम्मा गरेर राख्नू। ती तिम्रो र तिनीहरूका निम्ति आहार हुनेछन्।" परमेश्वरले नोआलाई आज्ञा गर्नुभएबमोजिम तिनले सबै गरे, तब परमप्रभुले**

**नोआलाई भन्नुभयो, "तिमी र तिम्रा सबै जहान जहाजभित्र जाओ। किनभने यस पुस्तामा मेरो सामु तिमीलाईमात्र मैले धर्मी देखेको छु। सबै जातका शुद्ध पशुहरूमध्येका सात जोड़ी, अर्थात् भाले र पोथी, र जुन-जुन शुद्ध छैनन् तिनीहरूमध्येका दुई, अर्थात् भाले र पोथी, र पन्क्षीहरूमध्येका पनि सात जोड़ी, अर्थात् भाले र पोथी समस्त पृथ्वीमा तिनीहरूका जातिहरूलाई जीवित राख्न तिनीहरूलाई तैंले ल्याउनू। अबको सात दिनमा म पृथ्वीमा चालीस दिन र चालीस रात पानी बर्साउनेछु। जति प्राणीलाई मैले बनाएको छु, ती सबैलाई पृथ्वीबाट नाश गर्नेछु।" तब परमप्रभुले तिनलाई हुकुम गर्नुभएबमोजिम नोआले सबै गरे। नोआ छ सय वर्षको हुँदा पृथ्वीमा जलप्रलय भएको थियो। नोआ, तिनका छोराहरू, तिनकी पत्नी तथा तिनका बुहारीहरू जलप्रलयको पानीबाट बाँच्नलाई जहाजमा गए। शुद्ध पशुहरू र अशुद्ध पशुहरू, पन्क्षीहरू र भूइँमा घस्रने हरेक प्राणी परमेश्वरको हुकुमबमोजिम जोड़ी-जोड़ी, अर्थात् भाले र पोथी नोआकहाँ जहाजमा आए। अनि ठीक सात दिनपछि पृथ्वीमा जलप्रलयको पानी पर्न लाग्यो।"**

दानिएल जस्तै, नोहा पनि संसारको अन्त्यको बारेमा भविष्यवाणी बोल्ने अगमवक्ता थिए। हिब्रू शब्दमा "आर्क" वा टेभा tevah (उत्पत्ति ६:१४) मिश्र देशमा कमै प्रयोग गरिने, तर त्यसलाई प्रयोग गरेको शब्द हो। यसको अर्थ बाकस वा टोकरी पनि हो जसमा मोशालाई लुकाइएर नदीमा छोडिएको थियो। इस्राएलीहरूलाई मिश्रदेशबाट उद्धार गर्न (प्रस्थान २:३) मोशालाई सुरक्षित राखिएको थियो। कसै कसैले यो आर्क वा सन्दुकको बनावट परमेश्वरको मन्दिरमा राखिने पवित्र सन्दुकजस्तै (प्रस्थान २५:२२) छ भनेर पनि अनुमान गरेका छन्। जलप्रलयभन्दा अघि बनाइएको जहाज मानव जातको सुरक्षितको निम्ति थियो भने, करारको सन्दुक जुन् मानिसहरूको बीचमा परमेश्वरको उपस्थितिलाई देखाएको थियो (प्रस्थान २५:२२), त्यसले उहाँका जनहरूको निम्ति मुक्ति दिने उहाँको कामलाई औँल्याउँछ।

"परमेश्वरले आदेश गर्नुभएको अनुसार सबै थोक नोहाले गरे" (उत्पत्ति ६:२२ रूपान्तरित) भन्ने वाक्यले जहाज बनाउने काम सकियो भनेर बुझाउँछ। क्रियापद 'आसाह asah' "गरे"ले नोहाको कामलाई देखाउँछ भने, परमेश्वरकै आदेशको प्रत्युत्तरमा नोहाले 'आसाह asah' "बनाए" भनेर पनि जनाउँछ। यो शब्द प्रयोग गरेर उत्पत्तिको यो अंश (उत्पत्ति ६:१४) सुरु गर्छ भने यही शब्द पाँच पल्ट दोहोऱ्याइएको छ (उत्पत्ति ६:१४-१६)। यो शब्द आसाह asah ले परमेश्वरको आदेश र नोहाको प्रत्यत्तरलाई गुन्जाइदिन्छ,

अर्थात् परमेश्वरको आज्ञालाई नोहाले प्रश्नै नगरि पूरा पालना गरेका थिए भनेर बुझाउँछ। परमेश्वरले जेजे भन्नुभयो वा जहाजको निर्माण गर्न विस्तृत विवरण अनुसार नोहाले सम्पन्न गरेका थिए। यही वाक्य करारको सन्दुक बनाउने मामिलामा पनि प्रयोग गरिएको थियो (प्रस्थान ३९:३२,४२, प्रस्थान ४०:१६)।

"जहाजको ठ्याक्क आकार र निर्माण गर्ने विधि, तरिका वा निर्देशनहरू परमेश्वरले नोहालाई स्पष्टरूपमा तोकेर दिनुभएको थियो। जहाजको निर्माण गर्न आवश्यक भएको प्रत्येक विवरण परमेश्वरले एक एक गरेर नोहालाई दिनुभएको थियो। यस्तो महान्, दह्रिलो र बलियो जहाज मानिसको बुद्धिले निर्माण गर्न सक्दैनथ्यो। जहाजको खाका वा डिजाइन परमेश्वरले गर्नुभएको थियो भने त्यस जहाजको गुरु निर्माणकर्ता नोहा थियो।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ९२बाट रूपान्तरित।

यहाँ पनि, दुई सन्दुकहरू, नोहाको जहाज र परमेश्वरको मन्दिरमा राखिने पवित्र सन्दुकको बीचमा समान अर्थ छ, त्यो हो, मानिसलाई उद्धार गर्ने। यसरी, नोहाको आज्ञाकारिता परमेश्वरको मुक्तिको योजनाको भाग थियो भनेर सिकाउँदछ। जलप्रलयबाट नोहा किन बच्यो त भन्दा परमेश्वरले उनलाई जे भन्नुभयो त्यही अनुसार विश्वासद्वारा उनी चलेकोले बचेका थिए। यस मामिलामा पावलले हिब्रू ११:७मा यसरी व्यक्त गर्दछन्, "विश्वासद्वारा नोआले त्यति बेलासम्म नदेखेको घटनाका बारेमा परमेश्वरबाट चेताउनी पाएर भक्तिसाथ आफ्नो घरानालाई बचाउन एउटा जहाज बनाए। यसरी संसारलाई दोषी ठहराएर विश्वासद्वारा उनी आउने धार्मिकताका उत्तराधिकारी भए।" आज्ञा पालन गरेर विश्वासको प्रमाण दिने अनुकरणीय उदाहरणमा नोहा पनि अग्रज स्थानमा रहेको पाइन्छ। परमेश्वरलाई विश्वास गर्छु भनेर मुखले होइन तर कामले वा आज्ञा पालन गरेर देखाउनुपर्छ, अनिमात्र विश्वासको अर्थ हुन्छ भन्ने याकूबको भनाइलाई नोहाले पुष्टी गरेको थियो (याकूब २:२०)।

छोटकरीमा भन्ने हो भने, नोहामाथि "परमप्रभुको अनुग्रह भयो" (उत्पत्ति ६:८) वा "उहाँको सामु नोहा धर्मी ठहरियो" भन्नुको अर्थ नोहाले उनलाई पहिलानै दिइएको अनुग्रहलाई स्वीकारेका थिए। त्यसको फलस्वरूप नोहालाई परमेश्वरका आज्ञाहरूलाई एक एक गरेर विश्वास र लगनशीलताका साथ पालन गरेका थिए। हाम्रो जीवनमा पनि यही हुनुपर्ने होइन र?

**२ पत्रुस २:५-१०मा लेखिएको पढ्नुहोस्। किन नोहा र उनका परिवारमात्र बाँचे? नोहाको बृतान्तबाट आउनेवाला न्यायको बारेमा संसारलाई**

दिइएको चेतावनीबाट हामी के सिक्न सक्दछौं? हेर्नुहोस्, "उहाँले प्राचीन संसारलाई बाँकी राख्नुभएन, तर भक्तिहीनताको संसारमा जलप्रलय गराउनुहुँदा धार्मिकताका प्रचारक नोआ र अरू सात जनालाई सुरक्षित राख्नुभयो। उहाँले सदोम र गमोरा सहरहरूलाई भस्म पारेर तिनको अस्तित्व नै मेटाइदिनुभयो, र भक्तिहीनहरूका सामु तिनीहरूलाई एक उदाहरण बनाउनुभयो। उहाँले दुष्टहरूका कामुकताबाट अति दुःखित भएका धार्मिक लोतलाई बचाउनुभयो। (ती मानिसहरूका माझमा बस्दा, र दिन प्रतिदिन तिनीहरूका कुकर्म देख्दा र सुन्दा, तिनी आफ्नो धार्मिक आत्मामा व्याकुल हुन्थे।) यसरी भक्तलाई परीक्षाबाट बचाउन र भक्तिहीनहरूलाई न्यायको दिनसम्म दण्डमा जकड़िराख्न प्रभु जान्नुहुन्छ, विशेष गरी तिनीहरूलाई, जो अशुद्ध पार्ने कामवासनामा डुबिरहन्छन्, र अधिकारको अवहेलना गर्छन्। यिनीहरू हठी र अहङ्कारी हुन्छन्, र स्वर्गीय प्राणीहरूको निन्दा गर्न डर मान्दैनन्।"

## २. जलप्रलय काण्ड

'asah आसाह' क्रियापदको अर्थ "बनाउनु" हो। यसले नोहाको क्रियाकलापहरूलाई सम्बोधन गर्दछ। परमेश्वरको सृष्टिको बृतान्तमा पनि यो मूल शब्द हो (उत्पत्ति १:७,२५,२६,३१; उत्पत्ति २:२)। परमेश्वरको आज्ञा मानेर नोहाले काम गरेको जस्तै परमेश्वरले पनि सृष्टि सम्पन्न गर्न काम गर्नुभएको थियो। जलप्रलय परमेश्वरले मानव जगतलाई केवल दण्ड दिनुभएकोमात्र नभएर, उहाँले हामीलाई उद्धार गर्नुहुने धारणासँग पनि त्यस शब्दको मर्मले बताउँछ।

उत्पत्ति ७ पढ्नुहोस्। जलप्रलयको विवरणले सृष्टिको लेखा वा बृतान्तलाई कसरी हामीलाई याद दिलाउँदछ? ती दुई बृतान्तहरूको बीचमा के समानता भएको हामी सिक्न सक्दछौं? हेर्नुहोस्, "तब परमप्रभुले नोआलाई भन्नुभयो, "तिमी र तिम्रा सबै जहान जहाजभित्र जाओ। किनभने यस पुस्तामा मेरो सामु तिमीलाई मैले धर्मी देखेको छु। २ सबै जातका शुद्ध पशुहरूमध्येका सात जोड़ी, अर्थात् भाले र पोथी, र जुन-जुन शुद्ध छैनन् तिनीहरूमध्येका दुई, अर्थात् भाले र पोथी, र पन्क्षीहरूमध्येका पनि सात जोड़ी, अर्थात् भाले र पोथी समस्त पृथ्वीमा तिनीहरूका जातिहरूलाई जीवित राख्न तिनीहरूलाई तिमीले ल्याउनू। अबको सात दिनमा म पृथ्वीमा चालीस दिन र चालीस रात पानी बर्साउनेछु। जति प्राणीलाई मैले बनाएको छु, ती सबैलाई पृथ्वीबाट नाश गर्नेछु।" तब परमप्रभुले तिनलाई हुकुम गर्नुभएबमोजिम नोआले सबै गरे। नोआ

छ सय वर्षको हुँदा पृथ्वीमा जलप्रलय भएको थियो। नोआ, तिनका छोराहरू, तिनकी पत्नी तथा तिनका बुहारीहरू जलप्रलयको पानीबाट बाँच्नलाई जहाजमा गए। शुद्ध पशुहरू र अशुद्ध पशुहरू, पन्क्षीहरू र भूइँमा घस्रने हरेक प्राणी परमेश्वरको हुकुमबमोजिम जोड़ी-जोड़ी, अर्थात् भाले र पोथी नोआकहाँ जहाजमा आए। अनि ठीक सात दिनपछि पृथ्वीमा जलप्रलयको पानी पर्न लाग्यो। नोआका जीवनको छ सय वर्षको दोस्रो महिनाको सत्रौं दिनमा ठूला-ठूला अगाधका सब मूलहरू फुटे, र आकाशका द्वारहरू खुले। अनि चालीस दिन र रातसम्म पृथ्वीमा पानी परिरह्यो। ठीक त्यसै दिन नोआ, तिनका छोराहरू शेम, हाम र येपेत, तिनकी पत्नी र तिनका तीन बुहारीहरू जहाजभित्र पसे। तिनीहरू र आफ्नो-आफ्नो जातअनुसारका सबै वन-पशुहरू, सबै पालिने पशुहरू, भूइँमा घस्रने सबै प्राणीहरू, र आफ्नो-आफ्नो जातका सबै थरीका पन्क्षीहरू पसे। जीवनको सास हुने सबै प्राणीका जोड़ी-जोड़ी गरी नोआकहाँ जहाजमा आए। परमेश्वरले नोआलाई हुकुम गर्नुभएबमोजिम जहाजभित्र पसेका प्राणी भाले र पोथी गरी आए। त्यसपछि परमप्रभुले जहाजको ढोका थुनिदिनुभयो। पृथ्वीमा चालीस दिनसम्म जलप्रलय भइरह्यो। पानी बढ़ेर जहाजलाई उचाल्न लाग्यो र त्यो जमिनबाट माथि जान लाग्यो। पानी धेरै परिरह्यो र चौपट्टै बढ़ेर पृथ्वीमा भरिन लाग्यो, र जहाज पानी माथि-माथि उत्रन लाग्यो। पानी पृथ्वीमा जोरसँग परिरह्यो र आकाशमुनिका जम्मै अल्गा-अल्गा पर्वतहरू ढाकिए। पानी बढ़ेर आयो र पर्वतहरूलाई सात मिटरसम्म डुबाइदियो। २१ पृथ्वीमा चलहल गर्ने सबै जीवित जीवात– के पन्क्षी , के पालिने पशु, के वन-पशु, के भूइँमा घस्रने सबै प्राणीहरू– तथा सबै मानिसहरू मरे। ओबानो भूमिमा भएका सास हुने सबै प्राणी मरे। अनि जति प्राणी जमिनमा थिए– के मानिस, के पशु, के घस्रने जन्तु, के पन्क्षी , सबै मासिए। तिनीहरू पृथ्वीबाट मासिए, केवल नोआ र जति जना तिनीसित जहाजमा थिए तिनीहरू मात्र जीवितै रहे। अनि पृथ्वीमा पानी एक सय पचास दिनसम्म रहिरह्यो।"

यदि यस जलप्रलय काण्डमा प्रयोग गरिएका चलनचल्तीमा आएका धेरै शब्दहरू र अभिव्यक्त ध्यान दिएर पढियो भने ती सृष्टिको विवरणमा प्रयोग गरिएका शब्दहरूसँग मिल्दोजुल्दो भएको देखिन्छ। उदाहरणमा हेरौं: "सात" (उत्पत्ति ७:२,३,४,१०; उत्पत्ति २:१-३सँग तुलना गर्नुहोस्); "नर र नारी" (उत्पत्ति ७:२,३,९,१६; उत्पत्ति २:१-३सँग तुलना गर्नुहोस्); "आआफ्नै जातका" (उत्पत्ति ७:२,३,९,१६; उत्पत्ति १:११,२१,२४,२५); "पशुहरू," "पंक्षीहरू," "घस्रिने बस्तुहरू" (उत्पत्ति ७:८,१४,२१,२३; उत्पत्ति २:७सँग

तुलना गर्नुहोस्); "जीवनको सास" (उत्पत्ति ७:१५,२२; उत्पत्ति २:७सँग तुलना गर्नुहोस्)।

जलप्रलयको कथा केही हदमा सृष्टिको कथा पढेको जस्तै हो। जुन परमेश्वरले सृष्टि गर्नुभयो त्यही परमेश्वरले नाश पनि गर्नुहुन्छ (व्यवस्था ३२:३९) भनेर जलप्रलयको कथाले गुञ्जाएको पाइन्छ। तर, ती कथाहरूले आशाको सन्देश पनि गुञ्जाइदिएको छः जलप्रलयले पानीबाट नयाँ सृष्टि सृजना भएको देखाउँछ। यसले गर्दा पृथ्वी नयाँ अस्तित्वतिर लम्किएको छ।

जलप्रलयमा भएको पानीको चलखेलले उत्पत्ति १मा दिइएको सृष्टिको कथालाई बिपरित दिशामा लगेको आभास् दिएको छ। उत्पत्ति १मा परमेश्वरले आकाशको पानी र जमिनमुनिको पानीलाई अलग गर्नु भूमिको सृजना गरेको भएको थियो (उत्पत्ति १:७), तर, जलप्रलयले पानीको सिमाना नाघेर जल बिस्फोट भएको थियो (उत्पत्ति ७:११)।

यस प्रक्रियाले हामीलाई विरोधाभासको सन्देश दिँदछः जे पहिले थियो नयाँ सृष्टि गर्न त्यसलाई परमेश्वरले  नाश गर्नु परेको थियो। नयाँ पृथ्वीको सृष्टि गर्न पुरानो पृथ्वीलाई नाश गर्न आवश्यक छ। युगको अन्तमा हुने भविष्यको मुक्ति वा उद्धारलाई जलप्रलयको काण्डले हामीलाई पूर्वसूचना दिएको छ। हेर्नुहोस्ः "तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए। समुद्र त अब छँदैथिएन" (प्रकाश २१:१), र “हेर, म नयाँ आकाश र नयाँ पृथ्वी सृष्टि गर्नेछु। अघि अघिका कुराहरूको सम्झना हुनेछैन, न त ती मनमा आउनेछन्" (यशैया ६५:१७)।

**यदि येशूमा हामी नयाँ सृष्टिभएको हामी चाहन्छौं भने वा येशूमा हामी नयाँ छौं भनेर दावी गर्छौं भने हामीमा के नाश हुनुपर्छ जसले गर्दा हामी नयाँ हुन सक्छौं? हेर्नुहोस्, "अब हामी के भनौं? के अनुग्रह प्रशस्त मात्रामा होस् भनेर हामी पापमा लागिरहौं त? त्यसो नहोस्! हामी जो पापको लेखि मऱ्यौं, त कसरी हामी अझै त्यसैमा जिउनु? के तिमीहरू जान्दैनौ हामी सबै, जतिले ख्रीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं? यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँड़ौं। यदि उहाँको मृत्युमा हामी उहाँसँग एउटै भएका छौं भने, उहाँको पुनरुत्थानमा पनि निश्चय नै हामी उहाँसँगै एक हुनेछौं। हामी जान्दछौं कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो, ताकि हाम्रो पापमय शरीर नाश होस्, र अब उसो हामी पापका कमारा नहोऔं। किनभने जो मरेको छ त्यो पापबाट मुक्त**

**भएको छ। तर यदि हामी ख्रीष्टसँग मरेका छौं भनेता उहाँसँग जिउने पनि छौं भन्ने विश्वास गर्दछौं। हामी जान्दछौं कि ख्रीष्ट मरेकाहरूबाट जीवित भएर फेरि मर्नुहुनेछैन। अब उसो उहाँमाथि मृत्युको राज्य हुँदैन। जुन मृत्युमा उहाँ मर्नुभयो त्यो पापको लेखि सधैंको लागि एकै पल्ट मर्नुभयो। तर जुन जीवनमा उहाँ जिउनुहुन्छ, त्यो परमेश्वरको निम्ति जिउनुहुन्छ। यसै गरी तिमीहरूले पनि आफू-आफूलाई पापको लेखि मरेका, तर ख्रीष्ट येशूमा परमेश्वरको लागि जीवित भएका ठान्नुपर्छ। १२ यसकारण शरीरका अभिलाषाअनुसार चल्नु नपरोस् भनी तिमीहरूका मरणशील शरीरमा पापलाई राज्य गर्न नदेओ। आफ्ना शरीरका अङ्गहरू दुष्टताका साधनको रूपमा पाप गर्नलाई समर्पण नगर। तर मृत्युबाट जीवनमा ल्याइएका मानिसहरूजस्तै आफैलाई परमेश्वरकहाँ दिइहाल, र शरीरका अङ्गहरूलाई धार्मिकताका साधनजस्तै परमेश्वरकहाँ समर्पण गर। किनकि पापले तिमीहरूमाथि राज्य गर्नेछैन, किनकि तिमीहरू व्यवस्थाको अधीनमा छैनौ, तर अनुग्रहको अधीनमा छौ" (रोमी ६:१-१४)।**

## ३. जलप्रलयको अन्त्य

जलप्रलयको असरलाई उत्पत्ति ७:१७-२४मा अत्यन्तै स्पष्ट, सबैले बुझ्न सक्नेगरि, छोटकरी, उल्लेखनीय र भावपूर्ण लवजमा यसरी बर्णन गर्दछ, "पृथ्वीमा चालीस दिनसम्म जलप्रलय भइरह्यो। पानी बढ़ेर जहाजलाई उचाल्न लाग्यो र त्यो जमिनबाट माथि जान लाग्यो। पानी धेरै परिरह्यो र चौपट्टै बढ़ेर पृथ्वीमा भरिन लाग्यो, र जहाज पानी माथि-माथि उत्रन लाग्यो। पानी पृथ्वीमा जोरसँग परिरह्यो र आकाशमुनिका जम्मै अल्गा-अल्गा पर्वतहरू ढाकिए। पानी बढ़ेर आयो र पर्वतहरूलाई सात मिटरसम्म डुबाइदियो। पृथ्वीमा चलहल गर्ने सबै जीवित जीवात– के पन्क्षी , के पालिने पशु, के वन-पशु, के भूइँमा घस्रने सबै प्राणीहरू– तथा सबै मानिसहरू मरे। ओबानो भूमिमा भएका सास हुने सबै प्राणी मरे। अनि जति प्राणी जमिनमा थिए– के मानिस, के पशु, के घस्रने जन्तु, के पन्क्षी , सबै मासिए। तिनीहरू पृथ्वीबाट मासिए, केवल नोआ र जति जना तिनीसित जहाजमा थिए तिनीहरू मात्र जीवितै रहे। अनि पृथ्वीमा पानी एक सय पचास दिनसम्म रहिरह्यो।"

सारा पृथ्वी र त्यसमा भएका सबै थोकहरूको बिनाश र निराशमय अन्धकार र जलमग्न पृथ्वीको पृष्ठभूमिमा परमेश्वरले नोहालाई सम्झिनु भयो (उत्पत्ति ८:१)। यो वाक्य जलप्रलयको विवरणको बीचमा केन्द्रविन्दु भएर राखिएको छ। त्यसको अर्थ जलप्रलयको कथाको केन्द्रविन्दु वा सन्देश यो

हो। **हेर्नुहोस् उत्पत्ति ८:१, परमेश्वरले नोहालाई "सम्झिनु भयो वा याद गर्नुभयो" भन्नुको अर्थ के हो? "परमेश्वरले नोआ र तिनीसँग जहाजमा भएका सबै वन-पशु र पालिने पशुहरूलाई सम्झनुभयो, अनि उहाँले पृथ्वीमा बतास चलाइदिनुभयो, र पानी घट्न लाग्यो।"**

हिब्रू भाषाको क्रियापद जाखार zakhar को अर्थ "सम्झिनु, याद गर्नु" हो। त्यसको अर्थ परमेश्वरले बिर्सिनुभएको छैन; यो केवल दिमागमा खेलाउने शब्दमात्र होइन। बाइबलको परिवेशमा "परमेश्वरले सम्झनुहुन्छ" भन्नुको अर्थ उहाँले गर्नुभएको प्रतिज्ञा पूरा भएको छ र प्रायजसो यो शब्द मुक्ति वा उद्धारसँग जोडिएको हुन्छ। उदाहरणमा उत्पत्ति १९:२९ "यसरी बेंसीका सहरहरू सर्वनाश गर्नुहुँदा परमेश्वरले अब्राहामलाई सम्झनुभयो। लोत बसेको सहरलाई उहाँले नष्ट पार्नुहुँदा त्यस सर्वनाशको बीचबाट लोतलाई निकाल्नुभयो।" जलप्रलयको सन्दर्भमा जब परमेश्वरले सम्झनुभयो त्यसको अर्थ पानीले उत्पात मचाउने काम रोक्यो (उत्पत्ति ८:२) र नोहा अव छिट्टै जहाजबाट निस्कन सक्ने हुन्छ (उत्पत्ति ८:१६)। परमेश्वरले नोहालाई तुरन्तै निस्केर जाऊ भन्नुभएन तर जहाजबाट बाहिर जान उनले सुरसार कस्दछन्। पहिले उनले कौआलाई झ्यालबाट बाहिर उडाउँछन्, त्यसपछि ढुकुर। उनले पृथ्वीको बस्तुस्थितिको बारेमा जान्न चाहेका थिए। आखिरमा जब ढुक्कुर फर्केर आउँदैन तब उनलाई थाहा भयो की "पृथ्वीबाट पानी सुक्यो, र नोआले जहाजको छत उघारेर हेरे, जमिन सुक्खा थियो" (उत्पत्ति ८:१३)।

नोहाको अनुभवमा व्यवहारिक पाठहरूको ढुकुटी भएको हामी पाउँछौं। एउटा पक्षमा, परमेश्वरले हामीलाई सिधै नबोल्नुभएतापनि परमेश्वरमाथि भरोसा राख्नुपर्छ भनेर उनले सिकाउँछन् भने अर्को पक्षमा, विश्वासले मानिसको सोच र जाँचपड्ताल वा खोजनीतिको मूल्यतालाई अस्वीकार गर्दैन। जे सत्य कुरो छ त्यो सत्य हो कि भनेर सिक्न सोच्न, खोज्न र हेर्ने हाम्रो कर्तव्यभन्दा बाहिरको कुरा होइन। यद्यपि, परमेश्वरले जहाजबाट निस्केर जाऊ भनेपछिमात्र नोहा जहाजबाट निस्किन्छन् (उत्पत्ति ८:१५-१९)। नोहालाई थाह थियो उनी जहाजबाट बाहिर निस्किन अब सुरक्षित छ, तैपनि परमेश्वरकै निर्देशनको निम्ति धैर्य भएर जहाजभित्रै बसिरहन्छ। "नोहाले परमेश्वरकै आदेश अनुसार जहाजभित्र गए भने त्यसबाट निस्कन पनि उहाँका विशेष निर्देशनहरूलाई उनले पर्खन्छन्...आखिरमा स्वर्गदूत स्वर्गबाट आउँछन्, र त्यो ठूलो र गऱ्हौं ढोका खोल्दछन्, अनि अग्रज नोहा र उनको परिवारलाई जहाजबाट बाहिर जमिनमा निस्क भनेर आज्ञा गर्छन्।

तिनीहरूको साथमा सबै जीवित बस्तुहरू पनि निकाल भनेर स्वर्गदूतले आज्ञा गर्छन्।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. १०५बाट रूपान्तरित।

**देहायका पदहरू पढ्नुहोस् र "परमेश्वरले सम्झिनु भयो"को अर्थ के हो सो बुझ्न प्रयास गर्नुहोस्। यो सत्य बर्तमान परिप्रेक्ष्यमा पनि हामीलाई कस्तो अर्थ लाग्छ वा परमेश्वरले तपाईंलाई "सम्झिनुभएको थियो" भन्ने आभास् तपाईंले कहिले कहिले पाउनुभएको थियो? हेर्नुहोस्, उत्पत्ति ८:१ "तर परमेश्वरले नोआ र तिनीसँग जहाजमा भएका सबै वन-पशु र पालिने पशुहरूलाई सम्झनुभयो, अनि उहाँले पृथ्वीमा बतास चलाइदिनुभयो, र पानी घट्न लाग्यो।" उत्पत्ति १९:२९ "यसरी बेंसीका सहरहरू सर्वनाश गर्नुहुँदा परमेश्वरले अब्राहामलाई सम्झनुभयो। लोत बसेको सहरलाई उहाँले नष्ट पार्नुहुँदा त्यस सर्वनाशको बीचबाट लोतलाई निकाल्नुभयो।" र भजन १०६:४ "हे परमप्रभु, आफ्नो प्रजामाथि निगाह गर्नुहुँदा मलाई सम्झनुहोस्, तिनीहरूको उद्धार गर्नुहुँदा मलाई पनि सहायता गर्नुहोस्।"**

## ४. करारः भाग एक

परमेश्वरले गर्नुभएको करारको प्रतिज्ञा अब पूरा हुने समय थियो। "तर तिमीसँग चाहिँ म आफ्नो करार स्थापित गर्नेछु। तिमी, तिम्रा छोराहरू, तिम्री पत्नी र तिम्रा बुहारीहरूसमेत जहाजमा आउनेछौ।" (उत्पत्ति ६:१७ रूपान्तरित)। यो प्रतिज्ञा जीवन दिने प्रतिज्ञा थियो।

**जहाजबाट बाहिर निस्किनेवित्तिकै नोहाले पहिलो कुरा के गरे र किन? हेर्नुहोस्, उत्पत्ति ८:२० "नोआले परमप्रभुको निम्ति एउटा वेदी बनाएर हरेक शुद्ध पशु र शुद्ध पन्क्षी मध्येबाट लिई होमबलि चढ़ाए।"**

छ दिनको सृष्टिको लगत्तै साबथमा आदम र हव्वाले परमेश्वरको उपासना गरेको हुनुपर्छ, त्यसै गरेर जलप्रलयपछि जहाजबाट निस्किनेबितिकै परमेश्वरको आराधना गरेका थिए। यो आफै पनि सृष्टिको अर्को संरचनाको सम्झना थियो। तर, आदम र हव्वाको उपासना र नोहाको उपासनामा फरक छ। आदम र हव्वाले परमेश्वरसँग सिधै आदानप्रदान गरेर उहाँको उपासना गर्न सक्दथे भने, नोहाले पशु बलि चढाएरमात्रै आराधना गरेका थिए। बाइबलमा सबभन्दा पहिले बेदी भन्ने शब्द यहाँ पहिले उल्लेख गरिएको छ। बलिचाहिँ "अग्नी बलि" ('olah औलाह) हो, जुन सबभन्दा पुरानो र प्रायजसो चलनचल्तीमा आएको बलि थियो। नोहाको निम्ति यो बलि धन्यवादको भेटी थियो (गन्ती १५:१-११ हेर्नुहोस्), जुन सृष्टिकर्ता परमेश्वरप्रति आफूलाई बचाउनुभएकोमा आभारित भएर चढाएका थिए।

**उत्पत्ति ९:२-४ पढ्नुहोस्। जलप्रलयले मानिसको खानपिनमा कसरी असर पार्‍यो? परमेश्वरले के खाने के नखाने भन्ने कुरामा प्रतिबन्ध लगाउनुभएको नीतिको अर्थ के हो? "पृथ्वीका सबै पशुहरू र आकाशका सबै पन्क्षीहरू र जमिनमा घस्रने सबै प्राणीहरू र समुद्रका सबै माछाहरूमा तिमीहरूको डर र त्रास हुनेछ। तिमीहरूकै हातमा ती सुम्पिएका हुन्छन्। जीवित-जीवात सबै तिमीहरूका निम्ति आहारा हुनेछन्। मैले हरिया वनस्पति तिमीहरूलाई दिएझैं सबै थोक म तिमीहरूलाई दिन्छु। तर मासु त्यसको प्राण दिने रगतसमेत नखाओ।"**

जलप्रलयले गर्दा तुरन्तै बनस्पति खानेकुराहरू उपलब्ध भएको थिएन। त्यसकारण, मानिसलाई मासु खान अनुमति दिनुभएको थियो। यस खानाको परिवर्तनले मानव जीवन र पशु जीवनको बीचमा ठूलो भिन्नता आएको थियो, जुन सुरुको सृष्टिभन्दा बिपरित थियो। सृष्टिको सुरुमा मानिस र पशुहरूको खाना शाकाहारी थियो र एकदेखि अर्कोसँग डराउनुपर्देनथ्यो। तर, जलप्रलयपछि पशुलाई मार्नुपर्दा पशु र मानिसको बीचमा डर र आतङ्क हुन थालेको थियो (उत्पत्ति ९:२)। मानिस र पशुले एक आपसलाई खान थालेपछि, अदनको बगैंचामा ती दुई जीवहरूको बीचमा भएको सुमधुर सम्बन्ध अत्यन्तै फरक हुन थालेको कुरामा कुनै शङ्का छैन। मानिस र पशु मिलेर बस्दथे, अब डराएर बस्नुपर्‍यो। ती सम्बन्धमा परमेश्वर सहनुपरेतापनि उहाँले दुई प्रतिबन्धहरू लगाउनुभएको थियो। पहिला त स्पष्टरूपमा "शुद्ध र अशुद्ध पशुहरू"मा कुन खानुहुन्छ कुन खानुहुन्न भनेर उहाँले नीति तोक्नु भएको थियो। यो सृष्टिको क्रम अनुसार थियो (उत्पत्ति ८:१९,२०सँग उत्पत्ति १:२१,२४ तुलना गर्नुहोस्। अर्को प्रतिवन्धचाहिँ स्पष्ट र नयाँ थियो जुनकि रगत नखानुमा थियो, किनभने रगतमा जीवन हुन्छ (उत्पत्ति ९:४)।

## ५. करारः भाग २

**उत्पत्ति ८:२०-९:१ पढ्नुहोस्। चाहे चेतनशील मानिस होस्, चाहे पशुपंक्षी होस् वा अजिव बनस्पती होस् परमेश्वरले तिनीहरूको जीवन सुरक्षा राख्न प्रतिवद्धता देखाउनुभएको थियो। हामीलाई दिनुभएको उहाँका आशिषहरूले त्यस प्रतिवद्धताको कसरी पुष्टि गर्दछ? हेर्नुहोस्, "अनि नोआले परमप्रभुको निम्ति एउटा वेदी बनाएर हरेक शुद्ध पशु र शुद्ध पन्क्षी मध्येबाट लिई होमबलि चढ़ाए। त्यसको मीठो बास्ना लिनुभएपछि परमप्रभुले आफ्नो मनमा भन्नुभयो, अब म फेरि कहिल्यै मानिसको खातिर पृथ्वीलाई सराप दिनेछैनँ, यद्यपि मानिसको**

**हृदयका भावनाहरू बालकदेखि नै खराब हुन्छन्। अहिले मैले गरेजस्तै सबै प्राणीलाई फेरि यसरी सर्वनाश म गर्नेछैनँ। "पृथ्वी रहुञ्जेल बीउ छर्ने र फसल काट्ने समय, जाडो र गर्मी, ग्रीष्म र शिशिर, र दिन र रातको अन्त हुनेछैन।" र " त्यसपछि परमेश्वरले नोआ र तिनका छोराहरूलाई आशिष् दिएर भन्नुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै र पृथ्वीमा भरिँदैजाओ।"**

जीवनलाई सुरक्षित राख्ने परमेश्वरको प्रतिवद्धता उहाँको अनुग्रहको उपज हो (जसरी उहाँले कयिनलाई कसैले नमारोस् भनेर बाँच्न दिनुभयो, त्यो पनि उसमाथि परमेश्वरको अनुग्रह थियो); तर, मानिस असल भएर, धर्मकर्म वा पुण्य काम गरेर, कुनै खुबी वा गुण भएर होइन। मानिस जतिसुकै पापी, अधर्मी, दुष्ट, खराब होस् वा नराम्रै नराम्रो नियतले भरिएको दिमाग किन नहोस्, यस पृथ्वीमा जीवनलाई सुरक्षा राख्न परमेश्वरले निर्णय गर्नुभएको थियो। उहाँले मानिसहरूको भावनालाई यसरी किटानै गर्नुभएको थियो, "मानिसको हृदयका भावनाहरू बालकदेखि नै खराब हुन्छन्," अनि उहाँले यो वाचा गर्नुभएको थियो "अहिले मैले गरेजस्तै सबै प्राणीलाई फेरि यसरी सर्वनाश म गर्नेछैनँ। "पृथ्वी रहुञ्जेल बीउ छर्ने र फसल काट्ने समय, जाडो र गर्मी, ग्रीष्म र शिशिर, र दिन र रातको अन्त हुनेछैन।" त्यसको अर्थ, यस पृथ्वीको अस्तित्व रहुञ्जेल (समय आउनेछ अस्तित्व खारेज हुनेछ भन्ने आभास् पनि यसले दिएको छ-अनुवादक), ऋतुहरू आउनेछ जानेछ र जीवन सुरक्षित हुनेछ भनेर परमेश्वरले भन्नुभएको हुनाले उहाँको सृष्टिलाई उहाँले त्याग्नुभएको छैन भनेर हामीलाई सिकाउँदछ।

देहायको पदले सुरुमा परमेश्वरले यस पृथ्वीलाई सृष्टि गर्नुभएपछि उहाँले दिनुभएको आशिषलाई याद दिलाउँछ (उत्पत्ति १:२२,२८; २:३)। यथार्थमा भनौं भने परमेश्वरले मानव जगतलाई सुधारिएको जीवन बिताउन फेरि नयाँ अवसर दिनुभएको थियो। जे भयो भयो, यस पृथ्वीमा फेरि बिगार ल्याउन नपरोस् र नविन जीवन सुरु गर भनेर उहाँले मानव जगतलाई नयाँ प्रस्ताव वा अवसर दिनुभएको थियो।

**उत्पत्ति ९:८-१७ पढ्नुहोस्। इन्द्रेणीको अर्थ के हो? यो "करारको चिन्ह" (उत्पत्ति ९:१३) सँग अर्को करारको चिन्ह वा साबथसँग कसरी मिल्दछ? हेर्नुहोस्, "तब परमेश्वरले नोआ र तिनका छोराहरूलाई यसो भन्नुभयो, "तिमीहरू र तिमीहरूका भावी सन्तानसित, तथा जहाजबाट तिमीहरूसित निस्केर आएका सबै जीवित प्राणीहरू– अर्थात्, पन्क्षीहरू, पालिने पशुहरू, वन-पशुहरू– तिमीहरूसित भएका पृथ्वीका सबै जीव-जन्तुहरूसित म मेरो करार स्थापित**

**गर्दछु। म तिमीहरूसित मेरो यो करार स्थापित गर्दछु, कि सबै प्राणी फेरि कहिल्यै प्रलयको पानीले नष्ट हुनेछैनन्,अनि पृथ्वीलाई सर्वनाश गर्न फेरि कहिल्यै जलप्रलय हुनेछैन।" अनि परमेश्वरले भन्नुभयो, "जुन करार मेरो र तिमीहरू र तिमीहरूका साथमा भएको हरेक जीवित प्राणीको बीचमा सबै पुस्तौंसम्मको निम्ति म ठहराउँदैछु, त्यसको चिन्ह यही हुन्छ। म बादलमा मेरो इन्द्रेनी राख्तछु, र मेरो र पृथ्वीको बीचमा त्यो एउटा करारको चिन्ह हुनेछ। जहिले-जहिले म पृथ्वीमा बादल फिँजाउँछु र बादलमा इन्द्रेनी देखा पर्छ, मेरो र तिमीहरू अनि हरेक किसिमको जीवित प्राणीको बीचमा रहेको मेरो करार म सम्झनेछु। पानीले फेरि कहिल्यै सबै प्राणीलाई नाश गर्ने प्रलय ल्याउनेछैन। जुन बेला बादलमा इन्द्रेनी देखा पर्छ, म त्यो हेरेर यो सधैंको करारलाई सम्झनेछु, जो परमेश्वर र पृथ्वीका सबै जीवित-जीवातसँग बाँधिएको छ।" यसरी परमेश्वरले नोआलाई भन्नुभयो, "मैले पृथ्वीका सारा प्राणी र मेरो बीचमा बाँधेको करारको चिन्ह यही हो।"**

"करार राख्नेछु वा स्थापना गर्नेछु" भन्ने परमेश्वरको लवज तीन पल्ट दोहऱ्याउनुभएको थियो (उत्पत्ति ९:९,११,१७)। यसले परमेश्वरको सुरुको प्रतिज्ञा (उत्पत्ति ६:१८) पूरा भएको र चरमविन्दुमा लगिएको देखाउँदछ। छ दिन लगाएर परमेश्वरले यस संसार सृष्टि गर्नुभएपछि सातौं दिनमा विश्राम लिनुभएको थियो भनेको जस्तै माथिका पदहरूमा "करार" भन्ने शब्द सात पल्ट दोहोऱ्याइएको हुँदा यसले साबथको अवधारणालाई प्रतिध्वनी गर्दछ। साबथ जस्तै इन्द्रेणी पनि करारको चिन्ह हो (उत्पत्ति ९:१३,१४,१६, हेर्नुहोस् प्रस्थान ३१:१२-१७ जहाँ साबथलाई परमेश्वर र उहाँका जनहरूको बीचमा भएको चिन्ह भनेर उल्लेख गरिएको छ)। साबथ कुनै निश्चित स्थान, राष्ट्र र जातिको लागि दिएको थियो। पाप आउनुभन्दा अघि नै मानिसलाई दिइएको साबथको सर्वव्यापित्व भएको जस्तै इन्द्रेणीको पनि सर्वव्यापित्त्व छ अर्थात् यो कुनै भौगोलिक स्थानमा सिमित छैन। साबथ सारा संसारको लागि हो भने इन्द्रेणी पनि सारा संसारको निम्ति हो। सारा पृथ्वी सृष्टि गर्नुहुने परमेश्वर नै हुनुहुन्छ भनेर प्रमाण स्वरूप दिइएको साबथ चिन्ह सबैको निम्ति र सबै ठाउँको लागि भनेको जस्तै सारा विश्व जलप्रलयले नाश हुँदैन भन्ने प्रतिज्ञा पनि सबैको निम्ति र सबै ठाउँको निम्ति हो।

**अर्को पल्ट जब तपाईंले इन्द्रेणी देख्नुहुन्छ, तब हाम्रो निम्ति परमेश्वरका प्रतिज्ञाहरूलाई सम्झिनुहोस्। ती प्रतिज्ञाहरूमाथि हामी विश्वास र**

**भरोसा राख्न सक्छौं भनेर हामी कसरी विश्वस्त हुने? परमेश्वरका प्रतिज्ञाहरूमाथि विश्वास गर्न सक्छौं भनेर हामीलाई इन्द्रेणीले कसरी देखाउँछ?**

## उपसंहारः

**थप जानकारीः** जलप्रलय हुनुभन्दा अघिका मानिसहरूका दिमाग वा मनस्थिति र व्यवहार वा आचारणको अवस्था र अहिलेको हाम्रो संसारमा भएका मानिसहरूको दिमाग र व्यवहारलाई तुलना गर्न सकियो भने हामीले धेरै कुराहरू सिक्न सक्छौं वा थाहा पाउन सक्छौं। मानव दुष्टता, खराब नियतले ग्रष्त भएको मानिसको दिमागको सम्पदा, पापले गर्दा सबैलाई तहसनहस पार्ने प्रवृत्ति कुनै नयाँ होइन। जलप्रलयभन्दा अघि र अहिलेको हाम्रो सभ्यतालाई हेरियो भने त्यो विषय पुष्टि हुनसक्छ।

"जलप्रलयभन्दा अघिका मानिसहरूमा भएका अत्यधिक पाप र दुष्टताको कारण तिनीहरूलाई परमेश्वरले दण्ड दिनुभएको थियो। आज पनि विश्वको वातावरण हेर्दा त्यही खालको स्थिति रहेको पाइन्छ। मानिसहरूको हृदयबाट परमेश्वरप्रतिको प्रेम गायब भएको छ, र उहाँको व्यवस्थालाई (चाहे कतिपय इसाई भनाउँदहरूले नै किन नहुन्) अनावश्यक भनेर हेपेर पन्छाइरहेका छन्। त्यसबेलाको पुस्तामा रहेको सांसारिक तिब्रता अर्थात् परमेश्वरलाई बेवास्ता गरेर संसारकै माया,मोह,आकर्षणमा डुब्न रुचाउने प्रवृत्ति आजको सभ्यतामा पनि जीवतै भएको छ।...जलप्रलयभन्दा अघिका मानिसहरूले खानपिन गरिरहेकोमा त्यस व्यवहारलाई दोषी ठहऱ्याउनुभएको थिएन...शरीरलाई थामी राख्न प्रयोग गर्ने उपहारहरूचाहिँ लिने, तर ती उपहारहरू दिनुहुने परमेश्वरप्रति आभारित नहुनु, र आफ्नो स्वाद र भोकको अभिलाषालाई तृप्त पार्न जथाभावी  खानपिनमा लागेर आफूहरूलाई गिराउनु नै पाप थियो। विवाह गर्नु वैधानिक नै थियो। विवाह गर्ने नीति परमेश्वरकै इच्छा अनुसार थियो; मानव समाजको हितको निम्ति स्थापना भएको संस्थाहरूमा यो पनि पहिलो थियो। यो विधिलाई मात्र परमेश्वर आफैले विशेष निर्देशन दिनुभएको थियो। त्यस निर्देशनमा पवित्रता र सौन्दर्यता गाँसिएको थियो; तर ती निर्देशनहरू मानिसहरूले बिर्सिदिए, र विवाहको संस्कारमा विकृति ल्याइयो या भ्रष्ट पारियो। विवाह जस्तो गरिमामय संस्कारलाई मानिसहरूले आफ्नो शारीरिक अभिलाषा पूरा गर्नलाईमात्र प्रयोग गर्न थालेका थिए। आज पनि त्यही स्थिति जारी छ। जे ठिक वा वैधानिक छ त्यसको पनि सिमाना नाघेर मानिसहरूले दुरुपयोग गरिरहेका छन्...भ्रष्टाचार, घुसखोर, बेइमानी,

जालझेल, चोरी, अपराध जस्ता भ्रष्ट चरित्रहरूले तल्लो र उच्च ओहोदामा बसेकाहरू सिङ्गारिएका छन्। हत्याहिँसा र अपराधिक गतिविधिको समाचारले सञ्चार माध्यमहरू रङ्गित भएका छन्...सबै राष्ट्रहरूमा कुशासन र अराजकताले राज गरिरहेका छन्। समय समयमा हुने त्यस स्थितिको विस्फोटले मानिसहरूलाई आतङ्कित बनाइरहेको छ। विधिको शासन नमान्ने र आवेशमा आएर नियन्त्रणभन्दा बाहिर जाने मानिसहरूको प्रवृति संसारमा आगो जस्तै दन्किरहेको छ। भयाभित पार्ने ती चालामालाले संसारलाई दुःखकष्ट र विनाशतिर गइरहेको छ भनेर देखाउँछ। जलप्रलयभन्दा अघिका मानिसहरूको स्थितिको बारेमा जुन चित्रण बाइबलले गरेको छ, त्यस्तै खालको स्थिति द्रुतगतिमा अहिलेको समाज पनि साँच्चिकै गइरहेको छ भनेर हामीले देखिरहेकाछौं। अहिलेको शताव्दीमा, चाहे इसाईहरूको बाहुल्यता भएका देशहरूमा नै किन नहोस् दिनदिनै अपराधिक गतिविधिहरू अन्धकारमय र भयानक तरिकाले बढिरहेका छन्। जलप्रलयभन्दा अघिका पापीहरूको पापको कारण जुन विनाश भएको थियो, त्यही विनाश हुनुपर्ने अवस्था अहिलेको मानव समाजले निम्त्याइरहेको छ।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्*, पृ. १०१,१०२बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ. जलप्रलय हुनुभन्दा अघिको संसार र अहिलेको संसारका अवगुण वा विशेषताहरूमा के समान छन्? ती सबै अवगुणहरूको वावजुदपनि परमेश्वरले जस्तो छ त्यस्तै संसारमलाई प्रेम गर्नुहुन्छ भनेर देखाउने उहाँको अनुग्रहको बारेमा र हामीलाई मुक्ति दिन उहाँ लालायीत हुनुहुन्छ भन्ने उहाँको चरित्रबाट हामी उहाँको बारेमा के सिक्न सक्छौं?**

**आ. कतिपयले नोहाको समयमा भएको जलप्रलय केवल स्थानीय घट्नामात्र हो विश्वव्यापी होइन भनेर वादविवाद गर्छन्। यो तर्क किन गलत छ? यदि यो सत्य हो भने प्रत्येक स्थानीय वाढी, पहिरो र प्रत्येक इन्द्रेणीले परमेश्वरलाई झुटो कसरी ठहऱ्याउँछ?**

## कथा ४
## अरूहरूलाई आशिष दिने
## ब्लेसिङ्ग चटाम्बुजा, ३१, जाम्बिया



मेरो नाउँ नै ब्लेसिङ्ग अर्थात् आशिष। मेरो जीवन नै परमेश्‍वरले प्रसस्त आशिषको प्रमाण प्रमाण हो। मेरो परिवार जिम्बाबेमा प्रत्येक आइतबार चर्च जान्थे, तर हामी विश्‍वासमा त्यस्तो गम्भिर थिएनौं। किशोरी अवस्थामा नै मैले प्रभुको सेवा गर्न चाहन्थें। मेरो चर्चको अगुवालाई मैले यो चाहना सुनाएँ। तर उनले मलाई यो सोधे, "के तिम्रो केटो साथी छ?" छैन भनेर मैले भनेपछि उनले भने, "तब तिमीले प्रेम भनेको के हो, पहिला स्वाद लेऊ। पछि फर्केर आऊ।" तर त्यही आइतबारे चर्चको अगुवाले भनेकै अनुसार मैले केटा साथी बनाएँ र प्रेम के हो त्यसको स्वाद मैले पाएँ तर म चर्च पनि जान छोडें। कलेजमा मैले गलत साथीहरू बनाएँ। हामी जाँड रक्सी पिउथ्यौं र धेरै पार्टीहरू पनि गर्थ्यौं। जब म १८ वर्षको थिएँ, एक जना २१ वर्षको केटासँग मेरो प्रेम भयो।चर्चकै अगुवाले भनेको अनुसार हामीले प्रेमको स्वाद पायौं, अनि मैले पेट बोकें। मेरो संस्कारमा यदि कसैको पेट बोकेको छ भने त्योसँगै बस्नुपर्छ। त्यसकारण ऊसँग र उसको आमासँग म बसें। तर पछि मलाई महसुस भयो कि मैले अपेक्षा गरेको अनुसार स्थितिहरू ठिक भएन। मेरो श्रीमान र मैले पैसा कमाउनु कुनै काम गरेका थिएनौं र सधैं गृहयुद्ध चल्न थालेको थियो। हाम्रो दुई नानीहरू भए, र जहिले पनि हामी कुस्ता कुस्ती गर्थ्यौं। वैवाहिक जीवन भनेको के हो सो हामीलाई थाहा थिएन। हामी दुवैको आआफ्नै सपना र आशाहरू थिए। सासु पनि सधैं झगडालु नै थिएँ। म मेरो श्रीमानको चर्चमा आइतबार जान थालेको थिएँ। एक दिन म बिरामी भएँ र लामो समयसम्म रहने गरेर म मेरो माइत गएँ।

दुई रात मैले अनौठो सपना देखें। तीनदिन अलग देखिएको त्यो सपना एउटै खालको थियो। दुवै सपनामा मैले साइरन बजाएको र मानिसहरू सबैतिर भागाभाग भएको देखें। सपनामा एउटा ठूलो चट्टान आकाशबाट आइरहेको देखें र एउटा धनुष क्रूसतिर सोझ्याएको देखें। त्यहाँ धेरै मानिसहरू उभिरहेका थिए। अनि मैले यो आवाज सुनें, " पश्‍चाताप गर संसारको अन्त हुँदैछ!"

म एकदम अलमिलिएँ। संसारको अन्त हुन्छ भन्ने शिक्षा मेरो श्रीमानको चर्चले कहिल्यै पनि सिकाएको थिएन। मेरो सपनाको अर्थ के हो सो मैले बुझ्न सकिँन। मेरो श्रीमानले पनि सपनाहरूको अर्थ बुझ्न सकेन। एक दिन मैले उनलाई सुनाएँ, "म येशूलाई खोज्नेछु र उहाँलाई भेट्टाएँ भने उहाँको बारेमा प्रचार गर्नेछु।" तर येशूलाई कहाँ पाउने? जिम्बाबेमा काम पाउन मुश्किल थियो, त्यसकारण मेरो श्रीमान र म अफ्रिकाकै अर्कै देश बोत्स्वानामा सर्‍यौं। त्यहाँ हामीले कामको खोजी गर्‍यौं। त्यहाँ हामीले एक जना सेभेन्थ-डे एडभेन्टिस्ट एल्डर भेट्यौं। उनले हामीलाई बाइबल सिकाउने प्रस्ताव राखे। पहिलो बाइबल अध्ययनमा नै उनले हामीलाई यो सुनाएकी संसारको अन्त्य हुँदैछ र येशू छिट्टै आउँदै हुनुहुन्छ। आखिरमा मैले सपनाको अर्थ बुझें र म खुशी भएँ।

थप बाइबल अध्ययनहरू गरेपछि, मैले बाइबलको येशू भेट्टाएँ। म एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिएँ। मैरो दिमागमा खेलाएको अनुसार येशूको बारेमा प्रचार गर्न म अडिग थिएँ। मैले उहाँलाई भेट्टाएँ र उहाँको प्रेमको बारेमा अरूहरूलाई सुनाउन चाहेको थिएँ। जाम्बियामा भएको एडभेन्टिस्ट विश्वविद्यालयमा अध्ययन गर्न मैले निर्णय गरें।

दुर्भाग्यवस मेरा दुई नानीहरूसमेत लिएर मेरो श्रीमानले मलाई छोडेर गए र अर्कैसँग विवाह गरे।

विश्वविद्यालयको खर्च तिर्न मैले धेरै धेरै परिश्रम गरें। मैले धेरै धेरै चौरहरू सफा गरें। त्यसले पहिला केही महिनाको पढाइ खर्च जुत्यो। मेरी आमाले पनि मलाई सहयोग गरेकी थिइन्। अनि विश्वविद्यालयमा भएको काम गर्ने योजनामा सरिक हुन दियो। त्यसले बाँकि महिनाको ट्युसन तिर्न सहयोग गर्‍यो। विश्वविद्यालयमा ईश्वरीय विज्ञान पढ्न निर्णय गरें। परमेश्वरको बारेमा बढि जान्न चाहेको थिएँ ताकि ममाभएको जस्तै आशा भएका युवायुवतीहरूलाई सिकाउन सकुँ। कतिपय समयमा हामी गलत निर्णयहरू गर्छौं तब परमेश्वरले जहिले पनि हामीलाई दोस्रो अवसर दिनुहुन्छ। आफ्नो बारेमा प्रकट गर्न उहाँ जहिले पनि उत्सुक हुनुहुन्छ। उहाँलाई भेट्टाउन उहाँले मानिसहरूलाई आह्वान गर्नुहुन्छ। जसरी सपनामा मैले आवाज सुनें, हाम्रो बाटो बदल्न उहाँले बोलाउनुहुन्छ। हामी जुन बाटो गइरहेकाछौं त्यहाँबाट फनक्क फर्केर उहाँको पछि लागेको उहाँ चाहनुहुन्छ। उहाँले भनिरहनुभएको छ, "पश्चाताप गर, संसारको अन्त्य हुनै लागेको छ!" येशू छिट्टै आउँदै हुनुहुन्छ! त्यो दिन छिट्टो आवस भन्ने म चाहन्छु।